



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

तराई, पहाड, हिमाल साक्षर बनाऔं नेपाल

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख ६ गते सोमबार ❑ 19 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## माओवादीले समर्थन फिर्ता नलिएसम्म सरकारको सम्भावना छैन : देउवा

**रासस**
**काठमाडौं, ५ बैशाख**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेकपा (माओवादी केन्द्र) ले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता नलिएसम्म नयाँ सरकार गठनको सम्भावना नरहेको बताएका छन् ।



नुवाकोटका साहित्यकार श्रीराम श्रेष्ठद्वारा लिखित पुस्तक 'नेपाली जनजातीय संस्कार र संस्कृति' पुस्तकको आइतबार विमोचन गर्दै उहाँले माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता नलिएसम्म नयाँ सरकार गठन नहुने स्पष्ट गरे। "सर्वोच्च अदालतको फैसलाले एमाले र माओवादी केन्द्र अलग भएका छन्, माओवादी केन्द्रले दिएको समर्थन फिर्ता नलिएसम्म वर्तमान सरकार बहुमतमै छ", उनले भने । माओवादीले अविश्वासको प्रस्ताव फिर्ता लिएमा कांग्रेसले सरकार गठन गर्न अग्रसरता लिने उहाँको भनाइ थियो । सभापति देउवाले संस्कृतिसम्बन्धी श्रेष्ठको पुस्तक शोधकार्यका लागि महत्वपूर्ण, पठनीय र सङ्ग्रहणीय भएको पनि बताए । कांग्रेसका सहमहामन्त्री डा प्रकाशशरण महतले नेपाल सांस्कृतिक हिसाबले विविधतापूर्ण र सम्पन्न देश भएकाले यहाँ रहेको सांस्कृतिक पक्षको खोज/अनुसन्धान अझै गरिनुपर्ने बताए।

कांग्रेस केन्द्रीय सदस्य बहादुरसिंह लामाले विविधतापूर्ण समाजको विविध संस्कृतिलाई एकै ठाउँमा उतार्नु भनेको चानचुने कुरा नभएको जनाउँदै यस्तो महत्वपूर्ण ग्रन्थलाई विश्वविद्यालयको पाठ्यक्रममा स्थान दिनुपर्ने सुझाव दिए । लेखक श्रेष्ठको पुस्तकमा आठपहरिया, राई, कुमाल, गुरुङ, चेपाङ, तामाङ, थारू, दनुवार, दराई, धिमाल, पहरी, बराम, बलामी, मगर, माझी, मेचे, राउटे, राजवंशी, शेर्पा, सतार र हायु जातिका संस्कार तथा संस्कृतिका विषयमा अनुसन्धानमूलक लेख रहेका छन् ।

## गृहमन्त्रीमा थापा पुनःनियुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ बैशाख**

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओलीका सिफारिशमा नेकपा (एमाले) का नेता रामबहादुर थापालाई गृहमन्त्रीमा पुनः नियुक्त गर्नुभएको छ।

नेकपा (एमाले) संसदीय दलका नेता ओलीका नेतृत्वमा विसं २०७४ फागुन ३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७८ को उपधारा (१) बमोजिम सो नियुक्ति गरिएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रुपनारायण भट्टराईद्वारा आइतबार यहाँ जारी विज्ञप्तिमा जनाइएको छ । गृहमन्त्री थापा आइतबार नै राष्ट्रियसभा सदस्यबाट मुक्त हुनुभएको थियो । कुनै पनि व्यक्ति सांसद पदमा नरहे पनि छ महिनासम्म मन्त्री बन्न पाउने संवैधानिक प्रावधान छ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का तर्फबाट विसं २०७४ को राष्ट्रियसभा सदस्य निर्वाचनमा वाग्मती प्रदेशबाट चयन हुनुभएका थापालाई राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम दल त्याग गरेकाले राष्ट्रियसभा सदस्यबाट मुक्त गरिएको थियो।

राष्ट्रियसभामा माओवादी केन्द्रका सचेतक दीनानाथ शर्माले उनलाई सांसदबाट मुक्त गर्न गत चैत २७ गते लिखितपत्र पेश गर्नुभएबमोजिम राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आइतबार स्वीकृत गर्नुभएको थियो । राजनीतिक दलसम्बन्धी ऐनअनुसार थापाको सदस्य पद रिक्त भएको संसद् सचिवालयले जनाएको छ।

## 'निकट भविष्यमै माधव नेपाल पक्षसँग पार्टी एकता हुन्छ'

**पोखरापत्र संवाददाता**
**पर्वत, ५ बैशाख**

नेकपा (माओवादी केन्द्र)का स्थायी समिति सदस्य देवेन्द्र पौडेलले निकट भविष्यमै नेकपा (एमाले) माधवकुमार नेपाल पक्षसँग पार्टी एकता हुन सक्ने बताएका छन् ।

स द र म ु का म कुश्माबजारमा माओवादी केन्द्रद्वारा आइतबार आयोजित अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रममा उहाँले नेपाल पक्षसँग निकट भविष्यमै एकता गर्ने गरी गम्भीर रूपमा वार्ता र छलफल अघि बढेको खुलासा गरे । उनले बलियो कम्युनिष्ट शक्ति निर्माणका लागि विभाजित सबै दलसँग एकताका लागि पहल भइरहेको जनाउँदै एमाले, जनता समाजवादी पार्टी र माओवादीकै अन्य समूहसँगसमेत निरन्तर छलफल र संवाद अघि बढेको बताए। उनले नेपाली कांग्रेस आफ्नो नेतृत्वमा सरकार बनाउन पूर्ण रूपमा तयार रहेको जनाउँदै जसपा संस्थागत ढंगले एक भएर उभिन नसकेका कारण ढिलाइ भएको सुनाए । जसपाका बहुमत सदस्य नयाँ सरकार बनाउने पक्षमा रहे पनि केही नेता प्रधानमन्त्री केपी शर्मा ओलीप्रतिको निकटताका कारण उक्त पार्टीमा समस्या परेको पौडेलले बताए।

## पोखरामा जापानीज भाषा वक्तृत्वकला प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ बैशाख**




भाषा संघ नेपाल (लान) को आयोजनामा यही वैशाख ९ गते विहिबार पोखरामा जापानीज भाषा वक्तृत्वकला प्रतियोगिता हुने भएको छ । पोखराको होटल ग्राण्डमा हुने प्रतियोगितामा १९ जना प्रतियोगितहरु सहभागि हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

कोरोनाले गर्दा लामो समय देखि जापानीज भाषा अध्ययनमा प्रभाव परेकोले त्यसलाई प्रबर्द्धन गर्न बिद्यार्थीहरुलाई प्रोत्साहन हुने उद्धेश्यले उक्त प्रतियोगिता आयोजना गरिएको लानका अध्यक्ष प्रकाश कुमार श्रेष्ठले बताए। प्रतियोगितामा विजेता हुनेलाई ३० हजार, उपविजेतालाई २० हजार र तेश्रो हुनेलाई नगद १० हजारको साथमा गिफ्ट ह्याम्पर प्रदान गरिने भएको कार्यक्रम संयोजक विक्रम उदासले बताए।

आफुहरुले न्यूनम एक बर्ष जापानीज भाषा अध्ययन गरेका बिद्यार्थीहरुलाई प्रतियोगितामा छनौट गरिएको उनले जनाए। प्रतियोगिताको निर्णायकमा २ जना जापानीज र एक नेपाली नागरिक सहभागि हुने भएको महासचिव मोति प्रसाद श्रेष्ठले जनाए । उक्त प्रतियोगिताले नेपाल र जापानीको कला, संस्कृति भाषा, एवं दुई देशको बस्तु स्थिती बुझ्नेन र बुझाउन समेत मद्धत पुग्ने आफुहरुले विश्वास लिएको प्रचार संयोजक सविता शेरचनले बताइन् । उच्च शिक्षा हासिल गर्न पोखराबाट हरेक लटमा ५ सय जना पर्ने गरी बर्षमा २ हजार जना बिद्यार्थीहरु जापान जाने गरेको लानका संस्थापक अध्यक्ष युवराज खनालले बताए । उनका अनुसार बार्षिक रुपमा पोखरा सहित नेपालबाट करिब ८ हजार जना कानुनि रुपमा मान्यता प्राप्त संस्थाबाट उच्च शिक्षा हासिल गर्न जापान जाने गरेका हुन्। नेपालबाट उच्च शिक्षा हासिल गर्न जापान जानेको करिब २५ प्रतिशत सङ्ख्या पोखरा क्षेत्रकै भएको संस्थापक अध्यक्ष खनालले दाबी गरे । उनका अनुसार लानमा आबद्ध पोखरामा ४१ वटा परामर्श तथा जापानी भाषा प्रशिक्षण एवं दातृ संस्थाहरुको छाता संगठनको रुपमा संस्थाहरु रहेका छन् । पोखरा क्षेत्रमा करिब ८१ वटा परामर्श एवं जापानी भाषा प्रशिक्षण गराउने संस्था भए पनि ४० वटा संस्थाहरु भने अधिकांशले नेपाल सरकारको आवश्यक मापदण्ड पुरा गर्न नसकेको संस्थापक अध्यक्ष खनालले बताए।

नेपाल शिक्षा तथा विज्ञान प्रबिधि मन्त्रालय, स्थानिय तहमा अनुमती र दर्ता विना केही परामर्श एवं जापानी भाषा प्रशिक्षण गराउदै आएको उनले दाबी गरे । उनले भने "नेपालमा कानूनि मान्यता प्राप्त नगरेको त्यस्ता शैक्षिक संस्थाले गर्दा अन्यलाई ठुलो असर परेको छ, त्यस्ता अवैध रुपमा संचालन भएका शैक्षिक संस्थाहरुको कसले निगरानी गर्ने हो, उनीहरुलाई जथभावी रुपमा बिद्यार्थीहरुलाई जापान पठाउने गर्दा समस्या उत्पन्न भएको छ ।" कोरोनाको कारण विगत एक बर्ष भन्दा लामो समय देखि पोखराबाट समेत उच्च शिक्षा हासिल गर्न इच्छुक बिद्यार्थीहरुलाई पठाउन नपाइएको संस्थापक अध्यक्ष खनालले बताए।

## पार्टी जोगाउन र आन्दोलन जिताउन सुदृढीकरण अभियान : वरिष्ठ नेता नेपाल

**रासस**
**काठमाडौं, ५ बैशाख**

नेकपा (एमाले)का वरिष्ठ नेता माधवकुमार नेपालले पार्टीको सङ्गठन, विचार, सिद्धान्त र नीतिलाई जोगाउनका लागि आफू निरन्तर लागिरहेको बताएका छन् ।

नेपाल पक्षका एमाले काभ्रेपलाञ्चोक जिल्ला कमिटीले आइतबार बनेपामा आयोजना गरेको पार्टीको विस्तारित बैठकमा उहाँले पार्टी नेतृत्व नीति, सिद्धान्त र विचारबाट नभई व्यक्तिगत ढङ्गले चलेको आरोप लगाए । अहिले पनि पार्टीलाई एकताबद्ध बनाएर अगाडि लैजानका लागि नै आफूले निरन्तर सङ्घर्ष गरिरहेको र पार्टीका नेता तथा कार्यकर्तालाई आदर्श, सिद्धान्त, नीतिका पक्षमा लाग्नका लागि आग्रह गरिरहेको उनले बताए । "कम्युनिष्ट पार्टीमा विचार र नीति प्रधान हुन्छ, व्यक्ति प्रधान होइन", उनले भने, "जब पार्टीमा व्यक्ति प्रधान हुन्छ अनि समाप्त हुन्छ।"

कार्यक्रममा नेकपा एमालेका उपाध्यक्ष एवं वाग्मती प्रदेश संयोजक अष्टलक्ष्मी शाक्यले पार्टी नेतृत्वले सिद्धान्तबिनाको कम्युनिष्ट पार्टी चलाउन खोजिरहेको आरोप लगाउँदै लोकतन्त्र, गणतन्त्रलाई धरापमा पारेर अगाडि बढ्न खोजिरहेको बताए। उनले जिम्मेवारी बाँडफाँट, जिल्ला कमिटीको घोषणा, पालिकासम्मको कमिटी घोषणा भएकालाई स्वागतयोग्य कदम भएको उल्लेख गर्दै सबै तहका नेता कार्यकर्तालाई जवाफदेही र जिम्मेवारीका साथ आफ्नो क्षमताअनुसार लाग्न निर्देशन दिए। कार्यक्रममा एमालेका नेता कृष्णप्रसाद सापकोटा, विदुर सापकोटा, लक्ष्मण लम्साल र वसुन्धरा हुमागाईंले पार्टीलाई सुदृढीकरणको अभियानमा सबै तह र तप्कालाई विचार, नीति, सिद्धान्तमा प्रतिबद्धताका साथ लाग्न आग्रह गरे । सो क्रममा एमाले काभ्रेपलाञ्चोकले टोकबहादुर वाइबाको अध्यक्षमा वसुन्धरा हुमागाई उपाध्यक्ष, दिपक गौतम सचिवलगायत २०१ जनाको जिल्ला कमिटी पुनःगठन गर्नुका साथै जिल्लाका सबै पालिकामा अध्यक्ष, उपाध्यक्ष, सचिव र उपसचिवसम्मको नेतृत्व चयन गर्नुका साथै जनवर्गीय सङ्गठन र मोर्चासमेत गठन गरी अगाडि बढेको घोषणा गरिएको छ।

## स्याङ्जामा विवेकशील साझा पार्टीको जिल्ला समिति घोषणा

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ बैशाख**

विवेकशील साझा पार्टी गण्डकी प्रदेशले स्याङ्जामा जिल्ला समिति घोषणा गरेको छ।



आइतबार वालिङमा एक भेलाको आयोजना गरी युवा व्यवसायी भीम नारायण कोइरालाको संयोजकत्वमा २१ सदस्यीय स्याङ्जा जिल्ला समिति घोषणा गरिएको हो। सो समितिको सहसंयोजकमा पूर्व प्रधानअध्यापक एवम् समाजसेवी दीर्घप्रसाद सुवेदी चयन भएका छन् । यसैगरी सदस्यहरुमा रमेश सुवेदी, नवीन खनाल, पूर्ण वाग्ले उपाध्याय, महेन्द्र ढकाल, रमेश लामिछाने, अमृत सुनार, अर्जुन लामिछाने, कृष्णप्रसाद खडाल, अमृत तिवारी, विवेक थापा, लिला अर्याल, मनिषा खनाल, सुन्दर रेग्मी, चक्रपाणी खनाल, नेत्र प्रसाद सुवेदी, सागर खनाल, कमल थापा, धनबहादुर क्षेत्री, सुरज रेग्मी हरपल चयन भएका छन् ।

सो भेलामा नवघोषित संयोजक कोइरालाले प्रतिबद्धता मन्तव्य व्यक्त गर्दै वैकल्पिक राजनीतिको अभियान र विचारलाई अब गाउँ गाउँमा लैजाने योजना रहेको बताए । कार्यक्रममा विशेष वक्ताको रुपमा स्तम्भकार दीनकर नेपाल उपस्थित थिए। नवाघोषित कार्यसमितिलाई शुभकामना तथा बधाई व्यक्त गर्दै स्तम्भकार नेपालले पार्टीको नेतृत्वपंक्तीले साधारण सदस्यलाई भेट्न र कुरा सुन्नका लागि सँधै प्रेरित हुनपर्ने आवश्यकता औंलाउँदै नेताले सदस्यलाई होइन अब सदस्यले नेतालाई आफ्ना कुरा बताउनु पर्ने मा जोड दिए । पार्टीको कुनै पनि पंक्ति र शक्तिको श्रोत साधारण सदस्यको मत अर्थात् विचार भएको तथ्यलाई नेतृत्वपंक्तीले भुल्न नहुने बताए।

कार्यक्रममा विवेकशील साझा पार्टीका सचिवालय सदस्य तथा संगठन विभाग प्रमुख निर्देश सिलवालले पार्टीको पछिल्लो गतिविधी र भावी कार्ययोजनाबारे प्रकाश पार्दै अबको महाधिवेशनपश्चात् पार्टी वैचारिक हिसाबले अझ बढी परिपक्क, प्रष्ट र चलायमान हुने बताए। कार्यक्रममा गण्डकी प्रदेश संयोजक तथा केन्द्रीय सचिवालय सदस्य महेश भण्डारीले गण्डकी प्रदेशमा पार्टीको समायोजन तथा बिस्तार यही बैशाखभित्र सबै जिल्लामा सम्पन्न हुने बताउँदै हिमाल पारीको जिल्ला मुस्ताङमा समेत विवेकशील साझा पार्टीको जिल्ला समिति चाँडै नै घोषणा हुने बताए। सो कार्यक्रममा सचिवालय सदस्य तथा कृषि तथा सहकारी विभाग प्रमुख हिरामणी पौडेलले पार्टीले सुरु गर्न लागेको सहकारी अभियानबारे, संगठन विभाग उपप्रमुख प्रदीपकुमार थापाले पछिल्लो सांगठनिक गतिविधीबारे, केन्द्रीय सदस्य तथा नीति विभाग सदस्य अर्जुनप्रसाद खनालले पार्टीका नीतिहरुबारे प्रकाश पारेका थिए।

कार्यक्रममा विवेकशील साझा पार्टीका केन्द्रीय सदस्यहरु अमृत पुडासैनी, दीपक पौडेल, सुशीला केसी अधिकारी, रजनी केसी, नवराज थापा, सरोज गौतम, नारायण खनाल, गण्डकी प्रदेश सदस्य तथा अभियान विभाग प्रमुख अशोक खड्का, कास्की जिल्ला सहसंयोजक जयन्ती मोक्तान, विवेकशील साझा युवा संगठन स्याङ्जाका संयोजक राजन भट्टराई लगायतका नताहरुले नवघोषित कार्यसमितिलाई शुभकामना तथा बधाई सन्देश दिएका थिए।





हिमाल आरोही पूर्णिमा श्रेष्ठले अन्नपूर्ण एक हिमालको सफल आरोहण गरेकी छन् । गोर्खाको आरुघाट गाउँपालिका ९ स्थित आरुटारकी फोटो पत्रकार समेत रहेकी हिमाल आरोही श्रेष्ठले आफ्नो प्रदेशमा रहेको अन्नपूर्ण एकमा हालसम्म नेपाली महिलाले उक्त हिमाल आरोहण नगरेको हुँदा आफुहरुले उक्त हिमाल चढेको बताइन् ।

# लोकदोहोरी प्रतिष्ठान गण्डकीद्वारा कलाकार र पत्रकारलाई बधाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ बैशाख**

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गण्डकी प्रदेशले कलाकार र पत्रकारलाई बधाई सहित सम्मान गरेको छ।

नव वर्ष २०७८ सालको उपलक्ष्यमा आयोजित शुभकामना आदानप्रदान, बधाई तथा सम्मान कार्यक्रममा प्रतिष्ठानले पत्रकार महासंघ कास्कीका नवनिर्वाचित पदाधिकारी सँगै गण्डकी प्रदेशका पदाधिकारी र राष्ट्रिय परिषद सदस्यहरुलाई बधाई दिएको हो। सो अवसरमा प्रतिष्ठानले पोखरा महानगर प्रज्ञा प्रतिष्ठानका कुलपति सँगै प्राज्ञ सदस्यहरुलाई समेत सम्मान गरेको छ । गुरुङ कलाकार संघ नेपालका केन्द्रिय अध्यक्ष शर्मिला गुरुङ र उपाध्यक्ष राजु गुरुङ समेत कार्यक्रमबाट सम्मानित भएका छन् । प्रतिष्ठान लमजुङका अध्यक्ष अनुज अधिकारी नेपाल पत्रकार महासंघ लमजुङको उपाध्यक्ष पदमा निर्वाचित भएकोमा उनलाई समेत सम्मान गरियो । कार्यक्रमबाट भर्खरै मात्र राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा विभूषित हुनुभएकी 'गाउँ शहरमा लमजुङ दरबार' गीतकी गायिका माया गुरुङलाई समेत प्रतिष्ठान बधाई सहित सम्मान गरियो । कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका उपसभामुख सृजना शर्माले २०७७ सालमा कोरोना महामारीका कारण भएका समस्याहरुलाई समाधान गर्दै २०७८ सालमा सकरात्मक सोचका साथ अगाडि बढ्न शुभकामना दिइन् । उनले सानैमा आफु गीतसंगीतमा रुची राख्ने भएता पनि साथ दिने कोही नभएर पछाडी पर्नुपरेको बताइन् । राष्ट्रलाई पहिचान दिलाउन कलाकारको महत्वपूर्ण भूमिका रहेको भन्दै उनले कलाकारको हितमा राज्य लाग्नुपर्ने विषयलाई औंल्याइन् । शर्माले लोकदोहोरी सेन्सर बोर्डको विषयमा छलफलमा मात्रै सिमित रहेको बताइन् । उनले भनिन्, 'लोकदोहोरी सेन्सर बोर्डको विषयमा केवल छलफलमा सिमित रहयो । अब यसको टुङ्गो लाग्नुपर्छ । यसका लागि कलाकार स्वयमले पनि सरकारलाई दबाब दिनुपर्ने देख्छु ।' उनले लोकदोहोरी क्षेत्रलाई व्यवस्थित बनाउन आफ्नो पनि पहल रहने प्रतिबद्धता व्यक्त गरिन् ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका केन्द्रिय अध्यक्ष रमेश बिजीले २०७७ साल कलाकारका लागि पीडादायक भएपनि २०७८ सालमा पीडा खेप्नुपर्ने स्थिति नहोस् भनि शुभकामना दिए। उनले कलाकारिता बाहिरबाट रंगीन देखिएपनि भित्र भने चोट खेप्नुपरेको बताए। कलाकारिता पेशामै लागेर अझैपनि परिवार पाल्न सक्ने वातावरण भइनसकेको उनको भनाई थियो। राज्यको उदासिनताका कारण कलाकारिता क्षेत्र धरासायी बन्दै गएको उनले बताए । बिजीले झाँगिएको वृक्षलाई झारपातले असर गरेजस्तै लोकदोहोरी क्षेत्रमा त्यस्ता झारपातहरु पलाएको उल्लेख गरे । उनले लोकदोहोरी क्षेत्रको संरक्षणका लागि झारपातहरुलाई गोड्नुपर्ने बेला आएको बताए। उनले कलाकार कुवा जस्तै हुनुपर्नेमा जोड दिएका छन् । खोला जस्तै बग्नुभन्दा पनि



कुवा जस्तो एकै ठाउँमा रहेर तिर्खा मेट्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन्। उनले हरेक सर्जक नैतिकतामा बाँधिनुपर्ने विषयलाई उठान गरेका छन् । महामारीका कारण आफुँ नेतृत्वको वर्तमान कार्यसमितिले सोचेजस्तो उपलब्धी मुलक कार्यक्रम गर्न नसकेपनि आगामी समयमा उत्पादनमुखी कार्यक्रममा जोड दिने प्रतिबद्धता व्यक्त गरे । गण्डकी प्रदेशका सांसद इन्द्रधारा बिष्टले राष्ट्रिय आकंक्षा 'समृद्ध नेपाल र सुखी नेपाली' अभिभारा पुरा गर्न कलाकार र पत्रकार एकैसाथ भएर लाग्नुपर्ने विषयलाई जोड दिए । नेपाल पत्रकार महासंघ कास्कीका नवनिर्वाचित अध्यक्ष बिमला भण्डारीले २०७८ साल जीवनलाई प्रगतीपथमा लैजान महत्वपूर्ण वर्ष बन्न सकोस् भनि शुभकामना दिइन् । उनले हिजो पनि पत्रकार कलाकारसँगै हातेमालो गरेको र आगामी दिनमा पनि सोही विषयलाई अनुसरण गर्ने बताइन् । भण्डारीले कलाकारिताले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको तर अझैपनि यो क्षेत्रमा आत्मनिर्भर रहने आधार तय भइनसकेको बताइन् ।राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गण्डकी प्रदेशका अध्यक्ष सुरेन्द्र गुरुङले स्वागत गर्दै २०७८ मा सबैलाई सकरात्मक सोचका साथ अगाडि बढ्न शुभकामना दिए । उनले राज्यले कलाकारलाई हेर्ने दृष्टिकोण अझै परिवर्तन नहुँदा समस्या खेप्नुपरेको औंल्याए। संगीत रोयल्टी, पारिश्रमिक र सेन्सर बोर्डका विषयमा समेत राज्य उदासिन बन्दा कलाकार र पत्रकारलाई समस्या परिररहेको भनाई उनको थियो । तीनै तहका सरकारले कलाकार र पत्रकारका विषयमा सोच्नुपर्ने विषयलाई उनले उठान गरेका छन् । कार्यक्रममा वरिष्ठ लोकदोहोरी गायक पुरुषोत्तम न्यौपाने, पोखरा महानगर प्रज्ञा प्रतिष्ठानका प्राज्ञ लोकदोहोरी गायक जिवन दाहाल र मिलन शेरचन, प्रतिष्ठानका संरक्षक याम गुरुङ, प्रतिष्ठानका केन्द्रिय सदस्य शंकरविरही गुरुङ, हिमाली सांस्कृतिक परिवारका अध्यक्ष मेनकाजी गुरुङ, पोखरा उद्योग बाणिज्य संघका सदस्य रुपनारायण भूजेल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन भने प्रतिष्ठान गण्डकीका महासचिव राजन कार्कीले गरेका थिए।

# गण्डकी प्रदेश खेलकूद परिषदको उपाध्यक्षमा पुन

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ बैशाख**

गण्डकी प्रदेश सरकारलाई प्रतिपक्ष दलहरुले अविश्वासको प्रस्ताव पेश गरेका वेला प्रदेश सरकारले गण्डकी प्रदेश खेलकूद परिषदलाई पूर्णता दिएसँगै जिल्ला खेलकुद विकास समितिमा समेत अध्यक्ष सहितका पदाधिकारी नियुक्ति गरेको छ।

गण्डकी खेलकुद परिषदको उपाध्यक्षमा नारायण पुन मनोनित भएका छन भने अन्य सदस्यहरुमा गिरमान गुरुङ, बासु बराल, दिल बहादुर गुरुङ, राम चन्द्र थापा, योगेन्द्र गुरुङ, तारामाया थापा मगर, शुभकन्या गुरुङ, चन्द्रा घले गुरुङ, ज्ञान बहादुर बोहरा, योगिता सहनी, योगेन्द्र शेरचन, खगेन्द्र क्षेत्री, बसन्त दवाडी, ऋषी गौतम, निर्मला बराल र केशव पाठक मनोनित भएका हुन् ।

त्यसै गरी कास्की जिल्ला खेलकूद विकास समितीको अध्यक्षमा तोरण बहादुर बानियाँ मनोनित भएका छन् । समितिको उपाध्यक्षमा महेन्द्र गुरुङ, सचिवमा भिम पराजुली, कोषाध्यक्षमा कन्चन थापा (कोइराला)लाई मनोनीत भएका छन् । तनहुँ जिल्लाको अध्यक्षमा अनिल पाण्डे र सचिवमा तुल्सीराम पाण्डे, लमजुङ जिल्लाको अध्यक्षमा योग बहादुर गुरुङ र सचिवमा रोजी गुरुङ, नवलपुर जिल्लाको अध्यक्षमा सेत बहादुर पुन र सचिवमा ध्रुव खनाल, मनाङ जिल्लाको अध्यक्षमा चिन बहादुर घले र सचिवमा नवराज गुरुङ रहेका छन । त्यस्तै स्याङजा जिल्लाको अध्यक्षमा गिरी प्रसाद गुरुङ र सचिवमा शितल जङ्ग केसी मनोनयन भएका छन् । त्यसै गरी गोरखा जिल्लाको अध्यक्षमा शान्ता सिंह बस्नेत र सचिवमा हिरालाल श्रेष्ठ, मुस्ताङ जिल्लाको अध्यक्षमा मिन कुमार शेरचन र सचिवमा विनोद वि.सी, म्याग्दी जिल्लाको अध्यक्षमा दिनेश खत्री र सचिवमा तारामान रोक्का, पर्वत जिल्लाको अध्यक्षमा हर्कमान गुरुङ र सचिवमा अदित गुरुङ र बागलुङ जिल्लाको अध्यक्षमा कुमार खडका र उपाध्यक्षमा लोकेन्द्र केसी मनोनित भएका छन । मनोनित परिषद सदस्य तथा जिल्ला अध्यक्ष तथा पदाधिकारीहरुको ४ वर्षको कार्यकाल रहेको छ।

# सुन्तला सुपरजोन संचालक समितिमा अर्याल

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ५ बैशाख**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन ईकाइ सुन्तला सुपरजोन स्याङ्जाको सञ्चालन समितिको अध्यक्षमा भीरकोट नगरपालिकाका सुन्तला व्यवसायी तारा अर्याल संयोजकमा चयन भएका छन् । समितिको हालै सम्पन्न अधिबेशनले अर्याललाई संयोजकमा चयन गरेको हो । ९ सदस्सीय समितिको अन्य सदस्यमा तिरमाया गुरुङ्, अन्नतराज मरासिनी, भिमा जि.टी., नविन आले, सुरेन्द्र रेग्मी, यामबहादुर के.सी., ज्ञानेश्वर चापागाँई र हिमकला शर्मा अर्याल चयन भएका छन् । समितिले परियोजनासँग सहकार्य गर्दै सुन्तला सुपरजोन लागु भएका पालिकामा सुन्तला व्यवसायीको हकहित र प्रबर्द्धनमा काम गर्दै आएका छ। समितिले सुन्तला व्यवसायीको क्षमता अभिबृद्धिमा समेत टेवा पुऱ्याउँदै आएको छ।

# 'एमसिसी सम्झौताप्रति कांग्रेस सकारात्मक'

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ बैशाख**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा डिला सङ्ग्रौलाले आफ्नो पार्टी मिलेनियम च्यालेन्ज कर्पोरेशन(एमसिसी) सम्झौताप्रति सरकारात्मक भएको जानकारी दिएकी थिइन । नेपाल प्रेस युनियन बागलुङद्वारा आइतबार आयोजित पत्रकार भेटघाटमा उनले बर्तमान सरकारले एमसिसी सम्झौतालाई सदनबाट अनुमोदन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउनुपर्ने र त्यसमा कांग्रेसको साथ रहने जानकारी दिइन । "एमसिसीप्रति कांग्रेस सकारात्मक छ। विकास र समृद्धिका लागि कांग्रेस बाधक छैन ।" उनले भनिन् । उनले बर्तमान सरकारले गरेका सबै काम अलोकतान्त्रिक र असंवैधानिक भएको आरोप लगाउँदै कांग्रेसको नेतृत्वमा अबको सरकार बन्ने विश्वास व्यक्त गरिन। उनले भनिन ,"गण्डकी प्रदेशसमेतमा कांग्रेसको नेतृत्वमा सरकार बन्न लागेको छ । " कोरोना जोखिमसमेतमा सरकारले प्रभावकारी भूमिका खेल्न नसकेको उहाँले बताउनुभयो।

# संसद्लाई घेराबन्दी गर्ने प्रयास भयो : सभामुख

**रासस**
**काठमाडौं, ५ बैशाख**

सभामुख अग्निप्रसाद सापकोटाले सङ्घीय संसद्लाई घेराबन्दीमा पार्ने प्रयास भइरहेको बताएका छन् ।

सभामुख सापकोटाले प्रतिनिधिसभालाई जीवन्त, जनमुखी र चलायमान बनाउँदै लोकतान्त्रिक, मूल्य, मान्यता र आदर्शलाई स्थापित गर्ने सन्दर्भमा दृढताका साथ अघि बढ्न शुरु गर्दैगर्दा त्यहीँबाट घेराबन्दी शुरु भएको र अहिले पनि त्यो जारी रहेको बताए । नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित केन्द्रीय पदाधिकारीको आइतबार काठमाडौँमा भएको पद हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै सभामुख सापकोटाले भने, "संसद् बारे अनेक खालका टिप्पणी भइरहेका छन् तर मलाई दृढ विश्वास छ कि धेरै मान्छेलाई केही समय र केही मान्छेलाई सधैँभरि भ्रममा पार्न सकिन्छ, सबै मान्छेलाई सधैँभरि भ्रममा पार्न सकिँदैन ।" उनले महान् बहसका बीचबाट भयानक भ्रमको अन्त्य हुने र महान् सत्यको जन्म हुने उल्लेख गरे । मुलुकमा उत्पन्न टक्कर एउटा दृष्टिकोणमा आधारित भई आएको र जुन लोकतान्त्रिक मूल्यमान्यतालाई स्थापित गर्ने कुरासँग तथा नेपाली जनताले बनाएको संविधानलाई ठीक ढङ्गले रक्षा र विकास गर्नेसँग सम्बन्धित रहेको बताए।

उनले भन्नेले के भन्छन् भन्ने कुरालाई वास्ता नगरी लुरुलुरु अगाडि बढिरहेको जिकिर गरे । "मैले जे गरिरहेको छु देशलाई सम्झेर गरेको छु, देश र जनताको अधिकतम हितमा केन्द्रित भएको छु, बुद्धि, विवेक नपुगेर त्रुटि हुन सक्छन्, तर मैले जानीजानी देश र जनताको हितविपरीत कुनै पनि काम गरेको छैन", सभामुख सापकोटाले प्रष्टीकरणका साथ भने।

# तनहुँ उवासंघको अध्यक्षमा श्रेष्ठ विजयी

**पोखरापत्र संवाददाता**
**तनहुँ, ५ बैशाख**

तनहुँ उद्योग वाणिज्य सङ्घको शनिबार साँझ सम्पन्न १६औं महाधिवेशनबाट अध्यक्ष पदमा पविन्द्रकुमार श्रेष्ठ निर्वाचित हुनुभएको छ।

जिल्लाका सातवटा बजार एकाइका गरी कूल एक हजार ९५० मतदाता रहेकामा श्रेष्ठ ८०६ छ मत ल्याएर विजयी हुनभएको हो । उहाँका निकट प्रतिद्वन्द्वी वैकुण्ठनाथ मिश्रले ६६५ मत प्राप्त गर्नुभएको थियो । श्रेष्ठ १४१ बढी मत ल्याएर विजयी हुनुभएको हो । सो अवसरमा २३ मत बदर भएको थियो । अध्यक्ष पदका मिश्र र श्रेष्ठ दुई जनाको उम्मेदवारी रहेपछि निर्वाचन प्रक्रियामा गएको हो । अर्का उम्मेदवार अर्जुन अधिकारीले भने यसअघि नै आफ्नो उम्मेदवारी फिर्ता गरिसक्नुभएको थियो । सबैभन्दा बढी मत रहेको दमौलीमा एक हजार ८५, आँबुखैरेनी ३४७, डुम्रे २६१, थर्पु १२१, सत्रसय ४७, विमलनगर ४१ र बन्दीपुर ४८ सदस्य सङ्ख्या रहेको सङ्घका कार्यकारी सचिव सीता गुरुङले जानकारी दिनुभयो । सङ्घको अध्यक्ष पद दाबी गर्दै लोकतान्त्रिक खेमाका श्रेष्ठ र बैकुण्ठनाथ मिश्र चुनावी प्रतिस्पर्धामा उत्रनुभएको हो।

तनहुँ उद्योग वाणिज्य सङ्घको अध्यक्ष पदबाहेक अन्य सबै पदमा सर्वसम्मत चयन भएको थियो । सङ्घको प्रथम उपाध्यक्षमा इमकुमार मल्ल र द्वितीय उपाध्यक्षमा कुमार मल्ल सर्वसम्मत चयन हुनुभएको छ। त्यसैगरी कोषाध्यक्षमा दिनेशकुमार श्रेष्ठ, सङ्घको एशोसिएट्समा शिवओम मल्ल र वस्तुगततर्फ कृष्ण सुनार सर्वसम्मत चयन हुनुभएको छ।





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बाराही सहकारीको शुभकामना आदन प्रदान एवं भित्तेपात्रो विमोचन

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ बैशाख**

पोखरा १७ स्थित बिरौटामा रहेको बाराही बचत तथा ऋण सहकारी संस्थाले नव बर्षको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सहितं भित्तेपात्रो विमोचन गरेको छ ।

संस्थाका अध्यक्ष महेन्द्र कुमार श्रेष्ठ, निवर्तमान अध्यक्ष तथा सल्लाहकार दुर्गा बहादुर गुरूङ र सल्लाहकार बाबुराम बरालबाट संयुक्त रूपमा नयाँ बर्षको भित्तेपात्रो विमोचन गर्नु भएको हो।

कार्यक्रममा उपाध्यक्ष दिनबन्धु गौतमले स्वागत्, लेखा संयोजक प्रेमनारायण अधिकारी, निवर्तमान अध्यक्ष तथा सल्लाहकार दुर्गा बहादुर गुरूङ र सल्लाहकारहरू




बाबुराम बराल, प्रकाश चन्द्र गुरूङ, गोबिन्द कुमार श्रेष्ठ मुकुन्द राज अर्याल र संचालक धर्मदत्त तिमिल्सिना लगायतले शुभकामना मन्तब्य राख्नुभएको थियो । संस्थाका अध्यक्ष महेन्द्रकुमार श्रेष्ठको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कास्की जिल्ला कार्यक्षेत्र भै "छरिएर रहेको पूँजि संचय गरि आर्थिक उन्नति गरौं "भन्ने मुल नारा लिई, २०५६ मा स्थापना भएको यस बाराही बचत तथा ऋण सहकारीमा हाल ७ सय २६ जना सेयर सदस्यहरू रहेको व्यबस्थापक नारायण पहारीले बताउनु भयो । संस्थाको सेयरपूँजि ६ करोड २४ लाख ६३ हजार रहेको उहाँले बताउनु भयो ।

# नौ महिनामा ३० गैँडा मरे

**रासस**
**चितवन, ५ बैशाख**

चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा चालु आर्थिक वर्षको नौ महिनामा ३० गैँडा मरेका छन् । तीमध्ये २६ वटा प्राकृतिक कारणले मरेका हुन् भने चारवटा चोरीशिकारीले मारेका हुन् ।

निकुञ्जका सूचना अधिकारी लोकेन्द्र अधिकारीका अनुसार पछिल्लोपटक वैशाख १ गते गैँडा मृतावस्थामा फेला परेको थियो। गत आर्थिक वर्षमा प्राकृतिक कारणले २६ वटा गैँडा मरेका थिए । तीन महिना बाँकी रहँदा गत वर्षभन्दा बढी गैँडा मरेपछि निकुञ्जले गैँडा मर्नुको कारण पत्ता लगाउन समिति नै बनाएर काम गरिरहेको छ । प्राकृतिक कारणले मरेका गैँडा बूढो भएर, एकापसमा जुधेर, दलदलमा फसेर, बाघले आक्रमण गरेरलगायतका कारणले मर्ने गरेका छन् । निकुञ्जको पश्चिमी क्षेत्रमा गैँडाको सङ्ख्या बढी हुँदा मृत्युदर बढेको अनुमान गरिएको छ। हालै गैँडा गणना भएपछि कुन क्षेत्रमा कति गैँडा छन् भन्ने यकिन तथ्याङ्क आइसकेको छैन।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले तथ्याङ्क निकालेपछि आवश्यक भएमा आन्तरिक स्थानान्तरणसमेत गरिने बताउनुभयो। चोरी शिकारी नियन्त्रणका लागि निकुञ्ज लागिपरेको छ । केही तस्करीमा संलग्न पक्राउ परेपछि थप चोरी शिकार हुन पाएको छैन। गत वर्ष चोरी शिकार शून्य रहेको थियो । बरालले प्राकृतिक कारणबाट मर्ने सङ्ख्या पनि घटाउने प्रयास जारी रहेको जानकारी दिनुभयो । सन् २०१५ पछि यस वर्ष गैँडा गणना गरिएको हो। यस वर्षको गणनामा यस निकुञ्जमा ६९४ गैँडा भेटिएका थिए । यसअघिको गणनामा यो सङ्ख्या ६०५ मात्रै रहेको थियो। त्यसपश्चात स्नानान्तरण र चीनलाई उपहार दिइएको भए पनि सङ्ख्या भने वृद्धि भएको छ।

बाढीबाट केही गैँडा बगेर भारत पुगेको अनुमान छ। भारतबाट १० वटा गैँडा फिर्ता ल्याइएको भए पनि अझै केही गैँडा भारतीय भूभागमा रहेको अनुमान गरिएको छ । आशा गरेअनुसार गैँडाको सङ्ख्या बढेपछि संरक्षणकर्मी उत्साहित छन्।

# निरन्तर वर्षाले किसान उत्साहित

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ बैशाख**

निरन्तरको खडेरीले आत्तिएका किसानले दुई दिनको वर्षापछि राहतको महसुस गरेका छन् । हिउँदेबाली भित्र्याएर मकै लगाउने बेलामा पानी नपरेकाले किसान निराश थिए।

शुक्रबार र शनिबार बागलुङ आसपासका क्षेत्रमा वर्षा भएपछि किसानले राहतको सास फेरेका हुन् । पानी परेसँगै किसानले खेतबारीमा मकै लगाउन शुरु गरेका छन् । "हिजो गोरु नारियो, पानी परेपछि अब बाँझो बारी जोतिन्छ", बागलुङको बलेवाका किसान लालप्रसाद शर्माले भन्नुभयो, "समयमा पानी परेको भए यतिबेला मकै उम्रिसकेका हुन्थे, ढिलै भए पनि बारीमा मकै लगाउँदैछौँ।"

वर्षमा तीन खेती हुने बागलुङका फाँटमा यस वर्ष ढिला गरी मकै लगाइएको छ। सिँचाइको सुविधा भएका फाँटमा लगाइएको मकैसमेत लामो खडेरीका कारण बिरुवा ओइलिएका थिए । पानी परेसँगै सिँचाइ असुविधा रहेका खेतबारीमा समेत किसानलाई मकैलगायतका बाली लगाउन सहज भएको हो । चैते धान रोप्ने किसानका लागिसमेत सहज भएको किसान बताउँछन्।

# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि विद्यालय छनोट

**पोखरापत्र संवाददाता**
**तनहुँ, ५ बैशाख**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि जिल्लामा ५४ सामुदायिक विद्यालय छनोट भएका छन्।

शिक्षा मन्त्रालयले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि जिल्लाका नौ स्थानीय तहका विद्यालय छनोट गरेको हो । सो कार्यक्रमका लागि रु सात करोड ३१ लाख बजेटसमेत विनियोजन गरिएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनोट गरी मापदण्डहरूसमेत सार्वजनिक गरेको छ। छनोट भएका विद्यालय र कार्यक्रम सबै स्थानीय तह र विद्यालयले कार्यान्वयन गर्नुपर्नेछ । सो कार्यक्रममा छनोट भएका विद्यालय र कार्यक्रमका लागि सङ्घीय सरकारले चाँडै सम्बन्धित स्थानीय तहमा निकास गर्ने शिक्षा विभागले जनाएको छ। छनोट भएका विद्यालयमा कक्षाकोठा निर्माण, खानेपानी सहितको शौचालय, कम्प्युटर ल्याब, पुस्तकालय तथा विज्ञान प्रयोगशाला, सिकाइ तथा विभिन्न प्राविधिक विषय समेटिएका छन्।

जिल्लाको भानु नगरपालिकाका सात विद्यालयका लागि रु ९१ लाख ५० हजार बजेट विनियोजन भएको छ। भानु नगरपालिकास्थित मनोहर माविमा कक्षाकोठा निर्माणका लागि १८ लाख, भानु संस्कृत माविमा कक्षाकोठा निर्माणका लागि १८ लाख, त्रिभुवन माविमा कक्षाकोठा निर्माणका लागि १८ लाख, सरस्वती मन्दिर माविमा कक्षाकोठा निर्माणका लागि १८ लाख, जनजागृति माविमा सिकाइ सामग्री उपलब्धिका लागि ६ लाख ५० हजार, जनसहयोगी माविमा शिक्षामा नवीन प्रविधि प्रवर्द्धन रु ६ लाख ५० हजार र दोरदोर प्राथमिक विद्यालयमा शिक्षामा नवीन प्रविधि प्रवर्द्धन रु ६ लाख ५० हजार विनियोजन भएको छ।

भीमाद नगरपालिकाका सात विद्यालयका लागि ४६ लाख बजेट विनियोजन भएको छ । भीमाद नगरपालिकास्थित धर्म माविमा शिक्षामा नवीन प्रविधि प्रवर्द्धनका लागि ६ लाख ५० हजार, मङ्गलोदय माविमा ६ लाख ५० हजार, सिद्धार्थ माविमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाका लागि ६ लाख ५० हजार, बाल शैक्षिक माविमा ६ लाख ५० हजार, जनता आधारभूत विद्यालयमा खानेपानी सहितको शौचालयका लागि सात लाख, जनज्योति माविमा शिक्षामा ६ लाख ५० हजार र नर आधार भूत विद्यालयमा सिकाइ सामग्री उपलब्धि अभिवृद्धिका लागि रु ६ लाख ५० हजार बजेट विनियोजन भएको छ। व्यास नगरपालिकाका ११ विद्यालयका लागि तीन करोड २४ लाख बजेट विनियोजन भएको छ । व्यास नगरपालिकास्थित जनजागृति गङ्गा माविमा शिक्षामा नवीन प्रविधि प्रवर्द्धनका लागि ६ लाख ५० हजार, सत्यवती माविमा ६ लाख ५० हजार, शिव पञ्चायन माविमा ६ लाख ५० हजार, सिद्धवेनी आधारभूत विद्यालयमा सिकाइ सामग्री उपलब्धिका लागि रु ६ लाख ५० हजार बजेट विनियोजन भएको छ। त्यसैगरी, शिव माविमा ६ लाख ५० हजार, केशवटार माविमा ६ लाख ५० हजार, मत्स्यकन्या आधारभूत विद्यालयमा कक्षाकोठा निर्माणका लागि १८ लाख, अमरज्योति माविमा कक्षाकोठा निर्माणका लागि १८ लाख, क्यामिन माविमा ६ लाख ५० हजार, सिद्धेश्वरी माविमा ६ लाख ५० हजार र चण्डिदेवी माविमा रु ६ लाख ५० हजार बजेट विनियोजन भएको छ। शुक्लागण्डकी नगरपालिकाका ६ विद्यालयका लागि ६२ लाख बजेट विनियोजन भएको छ। शुक्लागण्डकी नगरपालिकास्थित आधारभूत माविमा सिकाइ सामग्री अभिवृद्धिका लागि ६ लाख ५० हजार, गाउँफर्कोदय माविमा कक्षाकोठा निर्माणका लागि १८ लाख, हंशवाहिनी माविमा शिक्षामा नवीन प्रविधि प्रबर्द्धनका लागि ६ लाख ५० हजार, दिवस माविमा कम्प्युटर ल्याब स्थापनाका लागि ६ लाख ५० हजार, जनप्रेमी माविमा सिकाइ सामग्री उपलब्धिका लागि ६ लाख ५० हजार, खैरेनी माविमा कक्षाकोठा निर्माणका लागि १८ लाख, सरस्वती नमूना माविमा कक्षाकोठा निर्माणका लागि १८ लाख र तालबैंशी माविमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाका लागि रु ६ लाख ५० हजार बजेट विनियोजन भएको छ।

आँबुखैरेनी गाउँपालिकास्थित सात विद्यालयका लागि ६८ लाख ५० हजार बजेट विनियोजन भएको छ । जसअनुसार मित्रता माविमा सिकाइ सामग्री उपलब्धिका लागि ६ लाख ५० हजार, लक्ष्मी माविमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाका लागि ६ लाख ५० हजार, लक्ष्मी माविमा कम्प्युटर ल्याब स्थापनाका लागि ६ लाख ५० हजार, मर्स्याङ्दी सामुदायिक आधारभूत विद्यालयमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाका लागि ६ लाख ५० हजार, चन्द्रोदय मावि कक्षाकोठा निर्माणका लागि १८ लाख, चण्डेश्वरी आधारभूत विद्यालय कक्षाकोठा निर्माणका लागि १८ लाख र चण्डेश्वरी आधार भूत विद्यालयमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाका लागि रु ६ लाख ५० हजार बजेट विनियोजन भएको छ। घिरिङ गाउँपालिकाका चार विद्यालयका लागि ३७ लाख ५० हजार बजेट विनियोजन भएको छ । जसअनुसार कृष्ण माविमा शिक्षामा नवीन प्रविधि प्रदर्शनीका लागि ६ लाख ५० हजार, चन्द्रज्योति माविमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाका लागि ६ लाख ५० हजार, महेन्द्रज्योति माविमा सिकाइ सामग्री उपलब्धिका लागि ६ लाख ५० हजार र कामधेनु माविमा कक्षाकोठा निर्माणका लागि रु १८ लाख बजेट विनियोजन भएको छ।

देवघाट गाउँपालिकाका चार विद्यालयका लागि ३७ लाख ५० हजार बजेट विनियोजन भएको छ। जसअनुसार सिद्धमहाकाली माविमा कक्षाकोठा निर्माणका लागि १८ लाख, भृकुटी माविमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाका लागि ६ लाख ५० हजार, बज्रयोगिनी माविमा सिकाइ सामग्री उपलब्धिका लागि ६ लाख ५० हजार र गलेश्वर आश्रममा सिकाइ सामग्री उपलब्धिका लागि रु ६ लाख ५० हजार बजेट विनियोजन भएको छ। म्याग्दे गाउँपालिकाकाका दुई विद्यालयका लागि २४ लाख ५० हजार बजेट विनियोजन भएको छ । जसअनुसार मीन माविमा कक्षाकोठा निर्माणका लागि१८ लाख र राधा माविमा शिक्षामा नवीन प्रविधि प्रदर्शनका लागि रु ६ लाख ५० हजार बजेट विनियोजन भएको छ।

बन्दीपुर गाउँपालिकाका ६ विद्यालयका लागि ४० लाख बजेट विनियोजन भएको छ। सो अनुसार अरुण माविमा कम्प्युटर ल्याब स्थापनाका लागि ६ लाख ५० हजार, कालिका माविमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाका लागि ६ लाख ५० हजार, कालिका माविमा खानेपानी सहितको शौचालयका लागि रु सात लाख, भानु माविमा सिकाइ सामग्री उपलब्धिका लागि ६ लाख ५० हजार, पवित्रा माविमा खानेपानी सहितको शौचालयका लागि सात लाख र पवित्रा माविमा कम्प्युटर ल्याब स्थापनाका लागि रु ६ लाख ५० हजार बजेट विनियोजन भएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : २००९/०५/०४

स्वर्गारोहण : २०७७/१२/२९

**स्व. डिल्लीराम गौतम**

हाम्रा मित्र गोविन्द गौतम एवं भाइहरु डा.दिनेश गौतम र दिपेन्द्र गौतमका पुजनीय पिता **डिल्लीराम गौतम** को असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज ९ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दु:खद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**गणेश प्रसाद आचार्य** **अर्जुन सिग्देल**
**शोभाकान्त सिग्देल**
**पोखरा-१३**


संक्षिप्त वातावरणीय अध्ययन एवं प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को (दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## श्री मसिना ओखलढुंगा एकिकृत कृषि फर्म आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति २०७८/०१/०६ गते, सोमबार)

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १४ अन्तर्गत रहेको श्री मसिना ओखलढुङ्गा एकिकृत कृषि फर्मद्वारा देहाय बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावको व्यहोरा** | श्री मसिना ओखलढुङ्गा एकिकृत कृषि फर्म संचालनको चरणमा रहेको छ। उक्त एकिकृत कृषि फर्मका अध्यक्ष पदम राज अधिकारी र यस पालिखे सहित १५ जना जग्गाधनीहरुको निजी स्वामित्वमा रहेको कुल ९४ रोपनी जमिन मध्ये अग्लो होचो ६० रोपनी जमिनलाई ४ मिटर सम्म खारेर समथर बनाउने र सेती नदीको कटानलाई RCC Wall लगाई तटबन्ध गरी जग्गा संरक्षण गर्ने र बृहत रुपमा माछापोखरीहरु निर्माण गरी लिफ्टीङ प्रबिधिबाट सेती नदीको पानी ल्याई माछापालन, पशुपालन र तरकारी खेती सहित एकिकृत एवं नमुना कृषि फर्म संचालन गर्ने लक्ष्य राखि प्रकृया अगाडि बढाईएको छ। यसरी जग्गाधनीहरुको इच्छा एवं चाहना अनुसार जमिनलाई खारेर समथर बनाउदा प्राप्त हुने ढुङ्गा, गिट्टी, बालुवालाई कास्की जिल्ला अन्तर्गतका विभिन्न प्राथमिकता प्राप्त सडक तथा भौतिक बिकास निर्माण कार्यमा प्रयोग गरिने र उक्त निजी जग्गाबाट प्राप्त हुने निर्माण सामाग्रीहरुको संकलन र ढुवानीको कार्य वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ एवं गण्डकी प्रदेश पोखरा महानगरपालिकाद्वारा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन एवं प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नुपर्ने कानूनी ब्यवस्था रहेको छ।<br>माथि उल्लिखित प्रस्तावको प्ररम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न पोखरा महानगरपालिका, १४ नं. वडा समिति, प्रभावित क्षेत्रमा रहेका विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ। |
| प्रभाव पर्न सक्ने क्षेत्र | कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ अन्तर्गत पर्ने खाल्टेमसिना ओखलढुङ्गा, सैनितहरा आदि टोल तथा बस्तीहरु। |
| प्रस्तावकको नाम र ठेगानाः | श्री मसिना ओखलढुङ्गा एकिकृत कृषि फर्म, पोखरा महानगरपालिका वडा नं. १४, खाल्टेमसिना ओखलढुङ्गा, कास्की।<br>फोन नं : 9846940083<br>ई-मेल : adhikaripadam55@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना : | ह्याण्सफर ग्रीनरी कन्जरर्भेसन प्रा.लि. चन्द्रागिरी नगरपालिका १३ काठमाडौं।<br>फोन नं : ९८४१८६१२३४, ९८५७६२०२०७<br>ई-मेल : anjand.basbet@gmail.com/ lilapaudyal@gmail.com |